# सुन्दरहरैंचा नगरपालिका

SUNDARHARAINCHA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय

Office of Municipal Executive

विराटचौक, मोरङ

Biratchowk, Morang

कोशी प्रदेश, नेपाल

Koshi Province, Nepal

F/Y प.सं. : २०८२/०८३ (शिक्षा)
Ref. च.नं. : ४३०५

मिति: २०८३/०१/०७

ने.सं. : ११४६, बछलाथ्व तृतीया।

**श्री सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरू (सबै),**
**सुन्दरहरैंचा नगरपालिका, मोरङ।**

**विषय: जानकारी तथा निर्देशन सम्बन्धमा।**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरूमा विविध शैक्षिक गतिविधिमा एकरुपता कायम हुनेगरी विद्यार्थी तथा शिक्षकहरूले यही बैशाख ९ गतेबाट गर्नुपर्ने विविध अतिरिक्त शैक्षिक क्रियाकलापहरूको सूची यसै पत्रसाथ पठाइएको तथा देहाय बमोजिमका थप निर्देशनहरूसमेत जारी गरिएकाले सोहीअनुसार कार्यान्वयन गर्ने/गराउने व्यवस्थाका लागि जानकारी गराइन्छ।

देहाय:

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४३५, मिति २०८२/१२/२५ गतेको पत्रबमोजिम नै हुनेगरी २०८३ बैशाख १५ गतेबाट भर्ना अभियान सञ्चालन गर्ने र पठनपाठन बैशाख २१ गतेबाट सञ्चालन गर्ने,

२. पाठ्यक्रम विकास केन्द्रले तोके बमोजिमका मात्रै पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू प्रयोग गर्ने/गराउने,

३. विद्यालयले विद्यार्थीहरू/अभिभावकहरूलाई पाठ्यपुस्तक तथा स्टेसनरीहरू तोकिएका पसलबाट मात्रै खरिद गर्न बाध्य नगराउने तथा विभिन्न डिजाइन सहितका कापीहरू खरिद गर्न बाध्य नपार्ने,

माथि उल्लिखित बाहेकका कार्यहरू प्रचलित शिक्षा ऐन तथा नियमावली विपरीत हुने भएकाले उल्लिखित कार्य नगर्न/नगराउनहुन जानकारी गराइन्छ, अन्यथा नियामानुसार हुने बेहोरा निर्देशानुसार अनुरोध छ। साथै तोकिएको समयभन्दा अगाडि र उल्लिखित अतिरिक्त क्रियाकलापहरूबाहेक भर्ना अभियान सञ्चालन गर्ने, विद्यार्थी भर्ना गर्ने, पठनपाठन सञ्चालन लगायतका गतिविधि नगर्न जानकारी गराइन्छ।

अधिकृतस्तर आठौं

## शिक्षकहरूले विद्यालयमा गर्नुपर्ने विविध क्रियाकलापहरू

| विद्यालय सुधार कार्यक्रम | पेशागत क्षमता विकास कार्यक्रम | सिर्जनात्मक तथा बौद्धिक कार्यक्रम | प्रविधिमैत्री कार्यक्रम | स्वास्थ्य तथा प्रेरणा कार्यक्रम | सामाजिक तथा नेतृत्व कार्यक्रम |
|---|---|---|---|---|---|
| ▪ विद्यालय सुधार योजना निर्माण<br>▪ आगामी शैक्षिक वर्षको कार्ययोजना निर्माण<br>▪ विविध शैक्षिक योजनाहरू निर्माण<br>▪ शैक्षिक सामग्रीहरू निर्माण<br>▪ विद्यालय सौन्दर्यीकरण अभियान<br>▪ पुस्तकालय व्यवस्थापन र सुधार<br>▪ प्रयोगशाला/कम्प्युटर कक्ष व्यवस्थापन<br>▪ अभिलेख व्यवस्थापन तालिम | ▪ आधुनिक शिक्षण विधि तालिम<br>▪ कक्षा व्यवस्थापन सीप विकास<br>▪ विद्यार्थी मनोविज्ञान अभिमुखीकरण<br>▪ मूल्याङ्कन प्रणाली सुधार कार्यशाला<br>▪ Lesson Plan बनाउने अभ्यास<br>▪ ICT in Education तालिम<br>▪ AI tools for teachers परिचय | ▪ शिक्षक वक्तृत्व प्रतियोगिता<br>▪ निबन्ध/लेख लेखन प्रतियोगिता<br>▪ कविता/गजल वाचन<br>▪ पुस्तक समीक्षा कार्यक्रम<br>▪ नवप्रवर्तन आइडिया प्रस्तुति<br>▪ उत्कृष्ट शिक्षक अनुभव साझेदारी<br>▪ अनुसन्धान पत्र लेखन तालिम | ▪ Excel तालिम<br>▪ PowerPoint बनाउने अभ्यास<br>▪ Online Form / Google Forms तालिम<br>▪ डिजिटल सामग्री निर्माण<br>▪ विद्यालय social media page व्यवस्थापन तालिम | ▪ योग तथा ध्यान<br>▪ तनाव व्यवस्थापन कार्यक्रम<br>▪ स्वास्थ्य परीक्षण शिविर<br>▪ Morning motivation session<br>▪ Team building games | ▪ नेतृत्व विकास तालिम<br>▪ समस्या समाधान कार्यशाला<br>▪ समूह छलफल कार्यक्रम<br>▪ समुदायसँग सम्बन्ध सुधार योजना<br>▪ अभिभावकसँग प्रभावकारी संवाद तालिम |

सुन्दरहरैँचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३

अधिकृतस्तर-आठौं

# विद्यार्थीहरूलाई विद्यालयमा गराउन सकिने अतिरिक्त क्रियाकलापहरू

| शैक्षिक क्रियाकलाप | सिर्जनात्मक क्रियाकलाप | खेलकुद कार्यक्रम | नेतृत्व तथा सामाजिक विकास |
|---|---|---|---|
| ▪ हाजिरीजवाफ प्रतियोगिता<br>▪ वादविवाद प्रतियोगिता<br>▪ वक्तृत्वकला प्रतियोगिता<br>▪ निबन्ध लेखन<br>▪ कविता वाचन<br>▪ कथा लेखन तथा वाचन<br>▪ हस्तलेखन प्रतियोगिता<br>▪ गणित क्विज / विज्ञान क्विज<br>▪ पुस्तक पठन कार्यक्रम<br>▪ सामान्य ज्ञान प्रतियोगिता | ▪ चित्रकला प्रतियोगिता<br>▪ पोस्टर निर्माण<br>▪ हस्तकला निर्माण<br>▪ नृत्य प्रतियोगिता<br>▪ गीत गायन<br>▪ नाटक / अभिनय<br>▪ लोकसंस्कृति प्रस्तुति | ▪ दौड प्रतियोगिता<br>▪ भलिबल / फुटबल / कबड्डी<br>▪ चेस प्रतियोगिता<br>▪ योग तथा व्यायाम<br>▪ मार्चपास अभ्यास | ▪ बाल क्लब गठन तथा बैठक<br>▪ विद्यार्थी नमूना संसद अभ्यास<br>▪ नेतृत्व विकास तालिम<br>▪ समूह कार्य तथा टोली निर्माण खेल<br>▪ सरसफाई अभियान<br>▪ वृक्षरोपण कार्यक्रम<br>▪ ट्राफिक सचेतना कार्यक्रम<br>▪ स्वास्थ्य सचेतना कार्यक्रम |

| प्रविधि तथा आधुनिक गतिविधि | जीवनोपयोगी सीप |
|---|---|
| ▪ कम्प्युटर आधारभूत तालिम<br>▪ टाइपिङ अभ्यास<br>▪ डिजिटल प्रस्तुति (presentation) बनाउने<br>▪ शैक्षिक भिडियो प्रदर्शन | ▪ समय व्यवस्थापन प्रशिक्षण<br>▪ शिष्टाचार तथा अनुशासन शिक्षा<br>▪ प्राथमिक उपचार तालिम<br>▪ आत्मरक्षा तालिम<br>▪ करियर परामर्श कार्यक्रम |

सुन्दरहरैंचा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मोरङ, कोशी प्रदेश, नेपाल
२०७३

अधिकृतस्तर आठौं